नेपाल सरकार

उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

जल तथा मौसम विज्ञान विभाग

बाढी पूर्वानुमान महाशाखा

बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

# (जारी मिति: २०७७-०४-१० गते बिहान ०७ बजे)

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कमला, बागमती, नारायणी, पश्चिम राप्ती, बबई, कर्णाली, महाकालीमा र यसका सहायक नदीमा बहाव स्थिर छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

**बाढी पूर्वानुमान (Flood Forecast)**

पूर्वानुमान आज :: श्रावण-१० (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी र नारायणीमा बहाव सामान्य घटबढ हुने, कर्णाली , महाकाली र यसका सहायक नदीमा बहाव केहि बढ्ने तर सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव समान्य घटबढ हुने र सबैमा बहाव सतर्कता तलै हुने पूर्वानुमान छ ।
- आज झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी, चितवन, नवलपरासी, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, दाङ, बाँके, बर्दिया र आसपास भई बहने केहि साना नदीमा बहाव केहि बढ्ने तथा सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, बैतडी र आसपास भई बहने केहि साना नदीमा आकस्मिक बहाव हुन सक्ने पूर्वानुमान छ ।

पूर्वानुमान भोलि : श्रावण-११ (आईतबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- भोली कोशी र नारायणीमा बहाव सामान्य घटबढ हुने, कर्णाली , महाकाली र यसका सहायक नदीमा बहाव केहि बढ्ने तर सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाव समान्य घटबढ हुने र सबैमा बहाव सतर्कता तलै हुने पूर्वानुमान छ ।
- भोलि प्रेदेश ५, कर्णाली र सु.प. प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई केहिमा आकस्मिक बहाव हुने न्यून संभावना रहेको छ । अन्य प्रदेश भई बहने साना नदीमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।

पूर्वानुमान पर्सी : श्रावण-१२ (सोमबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कोशी,नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने ।
- पर्सी कन्काई,कमला,बागमती,पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव बढ्दो हुने र सतर्कता भन्दा तलै हुने। **कन्काई, कमला, बागमतीका केहि स-साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास सम्म पुग्न सक्ने पुर्वानुमान छ ।**
- पर्सी प्रदेश १, २, बागमती, गणडकी र प्रदेश ५ भई बहने स-साना नदीहरूमा बहाव बढ्ने र अन्य प्रदेश भई बहने साना नदीमा बहाव सामान्य घटबढ हुने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

**सरोकारवालाका लागि परामर्श (Advisory):**

- आज र भोलि दिन कोशी, नारायणी,कर्णाली, महाकाली,कन्काई, कमला, बागमती,तिनाउ,पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने तर सतर्कता आसपास नै हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रका कार्य सतर्कता साथ गर्न सकिने छ।
- पर्सी कोशी, नारायणी,कर्णाली, महाकाली,कन्काई, कमला, बागमती,तिनाउ,पश्चिम राप्ती,बबई र बढ्ने र सतर्कता तलै हुने तर **कन्काई, कमला, बागमतीका केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) भई सतर्कता आसपास सम्म पुग्न सक्ने पुर्वानुमान रहेकाले साना नदीतटिय क्षेत्रमा सतर्क रहौ ।**
- आज झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहूँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी, चितवन, नवलपरासी, रूपन्देही, कपिलबस्तु, दाङ, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, बाँके, बर्दिया र आसपास भई बहने केहि साना नदीमा बहाव केहि बढ्ने तथा सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर, डडेलधुरा, डोटी, बैतडी र आसपास भई बहने साना नदीमा आकस्मिक बहावको न्यून संभावना रहेकोले सतर्कता अपनाईराखौ ।

**नोट :**

**२०७७ श्रावण १२ देखि देशका सबै नदीमा बहाव बढ्ने र १३ देखि १५ गतेसम्म नारायणी र यसका सहायक नदी बुढी गण्डकी, मर्स्याङ्दी, मादी, सेतीगण्डकी, कालीगण्डकी, कर्णाली र यसका सहायक नदी भेरी र पश्चिम सेती, महाकाली र यसका सहायक नदी, कोशीका सहायक नदी भोटेकोशी, दुधकोशी, त्रिशुली नदी तथा पश्चिम राप्ती, बबई, तिनाऊ तथा यसका सहायक नदीहरुमा जलसतह बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने न्यून सम्भावना रहेतापनि उक्त नदीलगायत गण्डकी, कर्णाली, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशका मध्य पहाडी तथा तराई-चुरे भई बहने साना नदीजलाधारमा आकस्मिक बहाव हुने मध्यम संभावना रहेकाले तटिय क्षेत्रमा सो अवधिमा सतर्कता अपनाईराख्न हुन अनुरोध छ । आगामी ३ दिनको बाढी पूर्वानुमान र मौसम पूर्वानुमान बारे नियमित अपडेट हुन अनुरोध छ ।**

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

## *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*
   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv
   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast*
3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*
   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*
   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*

*Rainfall Forecast for 24 Hour (आगामी २४ घण्टा (विहान ६- विहान ६)को बर्षाको पुर्वानुमान)*

12) *Other Global Flood Forecasts*
13) *Satellite Cloud Picture*
14) *Etc...*

### थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: www.hydrology.gov.np लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।